नेपाल सरकार

राष्ट्रिय सतर्कता केन्द्र

सिंहदरवार,काठमाडौं

**कार्यालयका लागि आवश्यक स्टेशनरी र अन्य कार्यालय सामानहरु खरिद गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८३।०६।०२

चालु आ. व. २०८३/८४ को लागि यस केन्द्रलाई आवश्यक पर्ने तपसिलमा उल्लेख भए बमोजिमका प्याकेजका कार्यालय सामान र कम्प्युटर पार्टस सम्बन्धी सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिल</u>

| सि.नं. | प्याकेज नं . | विवरण | दरभाउपत्रको मुल्य | धरौटी रकम |
|---|---|---|---|---|
| १ | SQ No.: NVC/Goods/SQ/2083-84/01 | कार्यालयका लागि आवश्यक स्टेशनरी र अन्य कार्यालय सामानहरु | १०००।- | ४५०००।- |

<u>शर्तहरु</u>

१. यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्रमा सम्बन्धित कार्यको लागि इजाजत प्राप्त फर्मले चालु आ.ब.को लागि नविकरण भएको इजाजतपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र (मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्र) ,आ.ब. २०८१।०८२ को कर चुक्ता प्रमाणपत्र सहित राष्ट्रिय बाणिज्य बैंक, सिंहदरवारको खाता नम्बर १०००१००२०००१००००, यस कार्यालयको कोड नम्बर ३०१०४३५०१ र राजस्व शिर्षक नम्बर १४२२९ (अन्य प्रशासनिक सेवा शुल्क) मा रु १०००।(फिर्ता नहुने) जम्मा गरि निवेदन पेश गरि यस कार्यालयको स्टोर शाखा बाट कार्यालय समयभित्र दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. खरिद भएको सिलबन्दी दरभाउपत्र फाराममा आफ्नो फर्मको नाम, ठेगाना, आफुले कबुल गरेको रकम अंक र अक्षेरेपीमा प्रस्ट लेखि सिलबन्दी गरि ८ औं दिनको अपरान्ह १२:०० बजे भित्र यस कार्यालयको दर्ता शाखामा दर्ता गराईसक्नु पर्नेछ ।दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र सोहिदिन दिनको २:०० बजे दरभाउपत्र दाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ।खोल्ने समयमा सिलबन्दी दरभाउपत्र दाता वा निजका प्रतिनिधिको उपस्थिति नरहेको अबस्थामा पनि खोल्न बाधा हुने छैन।

३. सिलबन्दी दरभाउपत्र खरिद र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु बिदा पछिको कार्यालय खुलेको पहिलो दिन सोहि स्थान र समयमा हुनेछ ।

४. सिलबन्दी दरभाउपत्र साथ सूचनामा उल्लेखित धरौटी रकम को.ले.नि.का भुक्तानी केन्द्र नं.४ को सिंहदरवार स्थित राष्ट्रिय बाणिज्य बैंकको क २.३ (धरौटी) खाता नं. १९६०१००१०२०३०००० मा जम्मा गरेको सक्कल भौचर वा इजाजत प्राप्त बित्तिय संस्थाले जारी गरेको ७५ दिनको अबधि भएको बैक जमानत पत्र (बैंक ग्यारेन्टी) पेश गर्नुपर्ने छ ।

५. सिलबन्दी दरभाउपत्रको मान्य अबधि ४५ दिनको हुनेछ ।

६. एउटा फर्मको नाममा खरिद भएको सिलबन्दी दरभाउपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने /नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

८. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

९. सिलबन्दी दरभाउपत्र हुलाक मार्फत समेत माथि उल्लेखि मिति र समय भित्र दर्ता गर्न सकिनेछ।

१०. सिलबन्दी दरभाउपत्र स्विकृत भए पछि आफुले कबुल गरेको कूल रकमको ५ प्रतिशतले हुन आउने रकम को.ले.नि.का. सिंहदरवारको माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा ईजाजत प्राप्त बित्तिय संस्थाबाट यस केन्द्रको नाममा जारी गरेको बि.सं. २०८४ श्रावण मसान्त सम्म म्याद भएको कार्यसम्पादन जमानतपत्र (परफरमेन्स बण्ड) पेश गर्नु पर्नेछ ।